मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट,सिन्धुली
३ नं.प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ॥
## (प्रथम पटक प्रकाशित मिति :- २०७५/०६/२९)

यस कार्यालय अन्तरगत निम्नानुसारका निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीका लागि निम्न सर्तहरुको अधिनमा रहि यो रीतपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र यस कार्यालयवाट यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र रु १०००।- दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्र दर्ता गर्दा यस कार्यालयमा मात्र गराउन सकिने छ ।
२. सिलबन्दी दरभाउपत्र खरिद गर्न इच्छुक निर्माण व्यवसायले रु १०।- को टिकट टासी नियमानुसारको कागजात दस्तुर तिरेको रसिद पेश गरी निवेदन दिनु पर्नेछ । निवेदन साथ उद्योग दर्ता प्रमाण पत्र, ठेक्का (इजाजत) प्रमाणपत्र, आयकरको स्थायी लेखा नम्बर करमा दर्ता भएको प्रमाणपत्र र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३. खरिद गरिएका सिलबन्दी दरभाउपत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दिनको २:०० बजे यस कार्यालयमा उपस्थित सिलबन्दी दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधि र कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा सिलबन्दी दरभाउपत्र बुझाउन् अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र खरिद गर्न र बुझाउन सकिनेछ ।
५. सिलबन्दी दरभाउपत्र खाम वाहिर सिलबन्दी दरभाउपत्र नं. दाखिला गर्ने कार्यालयको नाम, कामको विवरण र सिलबन्दी दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नम्बर स्पस्ट लेखिएको हुनु पर्नेछ ।
६. धरौटी वापत को रकम यस कार्यालयको रा.वा. बैंक सिन्धुलीमा रहेको धरौटी खाता नं. १०६०३०३००७१४० मा जम्मा भएको सक्कलै भौचर वा सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ६० (साठी दिन) म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको जवानीपत्र (विडवण्ड) पेश गर्नु पर्नेछ । सम्झौता सम्पन्न भए पछि मात्र जमानत बापतको रकम फिर्ता हुनेछ ।
७. सिलबन्दी दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा अंक र अक्षरमा स्पस्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक देखिएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
८. एउटा फर्मको नामबाट खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्मका नाममा दाखिला गर्न पाइने छैन ।
९. सिलबन्दी दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।
१०. स्थानीय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु सिलबन्दी दरभाउपत्र दाता स्वयं आफैले बुझाउनु पर्नेछ ।
११. कुनै शर्त राखि पेश गरेको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
१२. सूचना सर्त विपरित भएको कार्यालयवाट उपलब्ध गराइएको सिलबन्दी दरभाउपत्र फारममा कुनै थपघट गरेको, रित नपुगेको, म्याद नाधि पेश हुन आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन तथा सिलबन्दी दरभाउपत्र आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१३. यस सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन सहित) तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
१४. अन्य जानकारी आवश्यक भएमा यस कार्यालयको योजना शाखामा सम्पर्क गर्न सकिनेछ ।
१५. यो सूचना यस कार्यालयको Website :- www.marinmun.gov.np मा समेत हेर्न सकिनेछ ।

| ठेक्का नम्बर | कामको विवरण | शिलवन्दी दरभाउपत्र दस्तुर | जमानत रकम |
|---|---|---|---|
| ०४।२०७५।०७६ | मरिण बहुमुखी क्याम्पसमा ट्रस्ट निर्माण | १०००।- | ३६०००।- |
| ०५।२०७५।०७६ | मरिण गा.पा वडा नं. ६ मा ट्रस्ट निर्माण | १०००।- | ४१४२५।- |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत